# ५ नं. प्रदेश प्रहरी कार्यालय दाङद्वारा प्रकाशित
# ई- बुलेटिन
## E-Bulletin

वर्ष:१ अङक १ २०७६ भाद्र ०८





**संरक्षक**

प्र.ना.म.नि. सुरेश बिक्रम शाह

**सल्लाहकार**

प्र.ब.उ. नरबहादुर के.सी.

प्र.ना.उ. नवराज पोखरेल

**सम्पादक मण्डल**

प्र.नि. नारायण डाँगी

प्र.नि. बीर दत्त पन्त

प्र.नि. टोपेन्द्र बुढा मगर

प्र.ना.नि. सुनिल चौधरी महतो


प्र.ज. तिर्थराज घिमिरे

प्र.ज. सुदिप यादव


## बिषय - सुची


| बिषय | पृष्ठ |
| --- | --- |
| विभागीय गतिबिधि | १-२ |
| मासिक अपराध तथ्याङ्क | ३-६ |
| प्रहरी सेवा प्रवाह | ७ |
| अपराध समाचार | ८-१० |
| खोजतलास तथा समन्वय | ११ |
| जनचेतनामूलक सन्देश | १२-१३ |

## "POLICE OF THE MONTH" बाट सम्मानित :



५ नं. प्रदेश प्रहरी कार्यालय, दाङ

" POLICE OF THE MONTH "

२०७६ श्रावण

प्रहरी निरीक्षक :- लक्ष्मण ओली

ईलाका प्रहरी कार्यालय सुर्यपुरा, रुपन्देही

कदर-पत्र

नेपाल प्रहरीको नीति निर्देशन अनुरूप आफूलाई दिइएको जिम्मेवारी पूर्णरूपमा लगनशील तथा कर्तव्यनिष्ट रही पुरा गरेको, संगठीत प्रकृतिको अपराधको अनुसन्धान तथा प्रहरी कार्वाहीमा प्रभावकारी भूमिका निर्वाह गर्नुका साथै सर्वसाधारण नागरीकहरुलाई सुरक्षाको अनुभुति हुने गरी समाजमा शान्ति सुरक्षा कायम गरी संगठनको उदेश्य प्राप्त गर्ने कार्यमा आफू र मातहतका प्रहरी कर्मचारीहरुलाई प्रभावकारीरुपमा परिचालन गर्दै आम नागरिक माझ प्रहरी संगठनको छवि उच्च गराउने कार्य गरेको हुँदा ईलाका प्रहरी कार्यालय सुर्यपुरा, रुपन्देही दरबन्दी भई जिल्ला प्रहरी कार्यालय बर्दियामा कार्यरत **प्रहरी निरीक्षक लक्ष्मण ओलीलाई** कदर स्वरूप २०७६ साल **"श्रावण महिनाको उत्कृष्ट प्रहरी (POLICE OF THE MONTH )"** घोषणा गरी यो कदर-पत्र प्रदान गरिएको छ।

प्रहरी नायब महानिरीक्षक

(सुरेश विक्रम शाह)

नेपाल प्रहरीको निर्देशन अनुरुप आफूलाई दिइएको जिम्मेवारी पूर्णरूपमा लगनशील तथा कर्तव्यनिष्ट रही पुरा गरेको संगठीत प्रकृतिको अपराधको अनुसन्धान तथा प्रहरी कार्वाहीमा प्रभावकारी भूमिका निर्वाह गर्नुका साथै सर्वसाधारण नागरीकहरुलाई सुरक्षाको अनुभुति हुने गरी समाजमा शान्ति सुरक्षा कायम गरी संगठनको उदेश्य प्राप्त गर्ने कार्यमा आफू र मातहतका प्रहरी कर्मचारीहरुलाई प्रभावकारीरुपमा परिचालन गर्दै आम नागरिक माझ प्रहरी संगठनको छवि उच्च गराउने कार्य गरेको हुँदा ईलाका प्रहरी कार्यालय सुर्यपुरा, रुपन्देही दरबन्दीका प्रहरी निरीक्षक लक्ष्मण ओलीलाई कदर स्वरुप २०७६ साल "श्रावण महिनाको उत्कृष्ट प्रहरी " (POLICE OF THE MONTH ) घोषणा गरी मिति २०७६ साल श्रावण ०४ गते यस कार्यालयमा एक कार्यक्रमका साथ यस कार्यालयका कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक सुरेश बिक्रम शाहले सम्मानका साथ प्रशंसा पत्र प्रदान गर्नु भएको थियो।



# लागूऔषध दुर्व्यसन बिरुद्ध बिद्यालय स्तरीय सचेतनामुलक कार्यक्रम सम्पन्न



मिति २०७६।०४।२४ गते ११:३० बजे देखि १२:३० बजे सम्म जिल्ला बाँके राप्ती सोनारी गाँउपालिका वडा नं. १ स्थित श्री कुसुमेश्वर मा.बि. बैरिया कुशुममा ई.प्र.का.कोहलपुर र सामुदायिक प्रहरी सेवा केन्द्र कोहलपुरको आयोजनामा ऐ.बिद्यालयको नि.प्र.अ. सरद इन्दु पौडेलको अध्यक्षता र ई.प्र.का. कोहलपुरका कार्यालय प्रमुख प्र.ना.उ. रमेश बहादुर सिंहको प्रमुख आतिथ्यतामा समुदाय-प्रहरी साझेदारी अवधारणा अनुरुप लागूऔषध दुर्व्यसन बिरुद्ध सम्बन्धी बिद्यालय स्तरीय सचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ । उक्त वडाका वडा अध्यक्ष, बिद्यालयका शिक्षक/शिक्षिका र कक्षा ७ देखि १२ सम्मका २६० जना बिधार्थीहरुको सहभागिता रहेको थियो ।

## ट्राफिक सचेतना तथा बजार व्यवस्थापन सम्बन्धी ३ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न





आज मिति २०७६।०४।१३ गते वेलुका १७:०० वजेको समयमा जिल्ला कपिलबस्तु कृष्णनगर नगरपालिका वडा नं. २ स्थित गोलघरमा कृष्णनगर नगरपालिका र इलाका प्रहरी कार्यालय कृष्णनगरको संयुक्त आयोजना तथा सहकार्यमा मिति २०७६।०४।११ गते देखी सुरु भएको "ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापन तथा सरसफाई व्यवस्थापन सम्बन्धी ३ दिने प्रशिक्षण तथा जनचेतना मुलक "कार्यक्रम स्थानीय जनप्रतीनिधी, समाज सेवी, बुद्धिजीवी, व्यापारी, बिभिन्न संघ संस्थाका प्रतिनीधी, शिक्षक विधार्थी, स्थानिय व्यक्तीहरु र प्रहरीको सम्युक्त ऱ्यालीले बजार परिक्रमा गरी गिरी बाबाको प्रमुख आतिथ्यता तथा कृष्णनगर उधोग वाणीज्य संघका अध्यक्ष राम कुमार कौलापुरीलको अध्यक्षता रहेको थियो । उक्त समापन कार्यक्रममा अन्य वक्ताहरुले समेत मन्तब्य दिनुका साथै कार्यक्रम उपलब्धी मुलक रहेको समेत बताउनु भएको र इलाका प्रहरी कार्यालय कृष्णनगरका कार्यालय प्रमुख प्रहरी निरीक्षक प्रताप पौडेलले सहभागी सम्पुर्ण लाई धन्यवाद प्रकट गर्नु भई ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापन तथा सरसफाई व्यवस्थापन सम्बन्धी जनचेतनामुलक भनाई राख्नु भएको थियो । उक्त कार्यक्रममा अन्दाजी २०० जनाको सहभागिता रहेको र उक्त कार्यक्रममा ऐ.१९:०० बजेको समयमा समापन भएको थियो ।


# मासिक अपराध तथ्याङ्क

| अपराध शिर्षक | मुद्दा दर्ता संख्या | अपराध शिर्षक | मुद्दा दर्ता संख्या |
|---|---|---|---|
| कर्तब्य ज्यान | १० | लागूऔषध | ६० |
| ज्यान मार्ने उद्योग | ६ | हातहतिया खरखजना | ३ |
| भवितब्य ज्यान | ५९ | अपराधिक लाभ लिएको | १ |
| सवारीबाट भवितब्य ज्यान | ५ | नागरीक्ता सम्बन्धी | २ |
| फुटकर ज्यान | १८ | सरकारी छाप दस्तखत कुर्ते | १ |
| ज्यान सम्बन्धी | ३ | सार्वजनिक हित, स्वास्थ्य सुरक्षा, सुबिधा र नैतिकता बिरुद्धका कसुर | ६६ |
| वेवारिसे ज्यान | १ | सार्वजनिक शान्ति विरुद्धको कसुर | ४५ |
| झुण्डी आत्म हत्या | ६६ | सार्वजनिक स्थानमा उपद्रयाई | १ |
| आत्महत्या गर्ने दुरुत्सहान गरेको | १ | अपराधिक उपद्रव | ३ |
| विष सेवन गरी आत्म हत्या | २० | अभद्र व्यवहार | ३० |
| हाम फालेर आत्म हत्या | २ | मानव बेचविखन तथा ओसारपसार | २ |
| डाँका चोरी | २ | वहु विवाह | १४ |
| साधारण चोरी | ३० | जबरजस्ति करणी | ३१ |
| नकवजनी चोरी | ७ | बालयौन दुरुपयोग | १ |
| चौपाय चोरी | १ | यौन दुर्व्यहार | ४ |
| सवारी चोरी | ६ | जबरजस्ति करणी उद्योग | १९ |
| चोरी उद्योग | २ | अप्राकृतिक मैथुन | १ |
| जुवा | १ | सवारी ज्यान | २८ |
| खोटाचलन | १ | सवारी अङगभङग | २ |
| ठगी | ८ | सवारी दुर्घटनाबाट चौपायको मृत्यु | २ |
| बैङकिङ कसुर | ११ | विष्फोटक पदार्थ | २ |
| सहकारी संस्थाको रकम हिनामिना | १ | बम विष्फोटन | १ |
| अपहरण तथा शरीर बन्धक | १ | अपहरण तथा जबरजस्ति करणी | १ |
| सट्टाबाजी | १ | पशुपन्छी सम्वन्धि कसुर | २ |
| थुनुवा भागे/भगाएको | १ | दुरसंचार कसुर तथा टेलिफोन तार चोरी | १ |


श्रावण महिनाको जिल्लागत मुद्दा दर्ता, पक्राउ र फरार संख्या :-










२५
२०
१५
१०
५
०
२१
२
७
१०
५
५
१३
९
२
२
९
रुपन्देही
नवलपरासी
कपिलवस्तु
पाल्पा
गुल्मी
अर्घाखाँची
दाङ
प्यूठान
रोल्पा
बाँके
बर्दिया
रुकुम
आत्महत्या

१२
१०
८
६
४
२
०
१०
७
४
१
१
२
१
२
रुपन्देही
बाँके
कपिलवस्तु
पाल्पा
गुल्मी
अर्घाखाँची
दाङ
प्यूठान
रोल्पा
नवलपरासी
बर्दिया
रुकुम
सवारी ज्यान


६
५
४
३
२
१
०
५
१
२
१
१
३
४
४
२
५
३
रुपन्देही
बाँके
कपिलवस्तु
पाल्पा
गुल्मी
बर्दिया
दाङ
रोल्पा
प्यूठान
नवलपरासी
अर्घाखाँची
रुकुम
जबरजस्ती करणी


६
५
४
३
२
१
०
४
१
२
२
१
४
५
रुपन्देही
बाँके
कपिलवस्तु
अर्घाखाँची
रोल्पा
बर्दिया
दाङ
पाल्पा
प्यूठान
नवलपरासी
गुल्मी
रुकुम
जवरजस्ती करणी उद्योग

## सामुदायिक गतिविधी

| सि.नं. | जनचेतनामुलक कार्यक्रमहरुको विवरण | कार्यक्रम संख्या |
|---|---|---|
| १ | स्कुल सम्पर्क, सडक तथा ट्राफिक नियम सम्बन्धी | १९ |
| २ | वातावरण तथा  हिंसा सम्बन्धी | १ |
| ३ | मानव वेचविखन तथा ओसापोसार विरुद्ध | ९ |
| ४ | धुम्रपान र मध्यपान विरुद्ध | १५ |
| ५ | लागूऔषध विरुद्ध | ४७ |
| ६ | सामाजिक अपराधहरु विरुद्ध (घरेलु हिंसा, लैङ्गिक हिंसा, महिला तथा बालबालिका विरुद्धको हिसा) | ५२ |
| ७ | साईबर अपराध सम्बन्धी | २० |
| ८ | बालविवाह/बहुविवाह सम्बन्धी | १३ |
| ९ | आत्महत्या रोकथाम तथा न्युनिकरण | १६ |
| १० | जनचेतनामुलक पर्चा पम्पलेट बितरण | ८ |
| ११ | अन्तरक्रिया तथा छलफल कार्यक्रमहरु | ४७ |
| १२ | चट्याङ् सम्बन्धी | ५ |
| १३ | बाढीपहिरो सम्बन्धी | ११ |
| १४ | आगलागी सम्बन्धी | १ |
| १५ | जंगली च्याउ नखाने | ३९ |
| १६ | सुरक्षा सम्बन्धि सल्लाह र सुझाव आदान-प्रदान | ५ |
| १७ | घरदैलो कार्यक्रम र टोलको बस्तुस्थितिको अभिलेख संकलन | ३ |
| १८ | पिडितहरुको संरक्षण,उद्धार र सहयोग | २ |
| १९ | दुर्घटना तथा प्रकोप उद्दार र सहयोग तथा व्यवस्थापन | २ |
| २० | जनस्वास्थ, सरसफाई,तथा वातावरण | १५ |
| २१ | धार्मिक, सांस्कृतिक तथा खेलकुद परामर्श | १ |
| २२ | रक्तदान तथा विविध कार्यहरु | २८ |
| २३ | सार्वजनिक सुनुवाई कार्यक्रम | १ |

# अपराध समाचार

## रुपन्देहीमा भालुको पित्त, दाँत र छाला सहित ३ जना पक्राउ



मिति २०७६।०४।१६ गते बेलुका अन्दाजी १८:४५ बजेको समयमा जिल्ला रुपन्देही सैनामैना नगरपालिका वडा नं. १० सालझण्डी स्थित अर्घाखाँची साज महल होटल एण्ड लजको १०२ नंम्बर कोठाबाट बिषेश सुराकी मार्फत ईलाका प्रहरी कार्यालय सालझण्डीबाट प्र.नि. रविन राज मैनाली र ५ नं. प्रदेश प्रहरी अनुसन्धान समूहबाट प्र.स.नि. संजिव के.सी.को कमाण्डको संयुक्त टोलिले जिल्ला कपिलवस्तु बाणगंगा नगरपालिका वडा नं. २ बस्ने ४६ बर्षीय खुमानन्द घिमिरे, जिल्ला पाल्पा रैनादेवि गाउँपालिका वडा नं. ७ बस्ने ४३ बर्षीय धनबिर बि.क. र जिल्ला पाल्पा तिनाऊँ गाउँपालिका वडा नं. १ बस्ने ४३ बर्षीय लाल बहादुर सारुको साथबाट लम्बाई ४७ ईन्च र चौडाई २५ ईन्च, बोराबाट निकाली तौल गर्दा ५ (पाँच) किलो भएको भालुको १ थान छाला, २ वटा पित्त र २ वटा दाँत सहित निजहरुलाई पक्राउ गरी ईलाका प्रहरी कार्यालय सालझण्डी रुपन्देहीबाट थप अनुसन्धान तथा कार्वाहीको लागि कन्चन सब डिभिजन बन कार्यालय रूपन्देही पठाईएको छ ।

## स्कुल बसमा लागूऔषध र नक्कली नोट बरामद चालक पक्राउ

मिति २०७६।०४।१० गते कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिका वडा नं. ०४ चाकरचौडा स्थित पिपराबाट चाकरचौडातर्फ जांदै गरेको लु.१ क.१५५४ नं.को पिस ग्लोबल ईङ्गलिश बोर्डिङ स्कूल बसलाई बिशेष सूचनाको आधारमा अन्दाजी ०८:३० बजेको समयमा ई.प्र.का. पकडीबाट सादा पोशाकमा खटिएको प्रहरी टोलिले बस रोकी चेकजाँच गर्ने क्रममा बसको टुलबक्समा १० पिस खैरो हिरोईन जस्तो देखिने लागूऔषध र नेपाली रू.५००।– को नोट ८८ पिस रु. ४४,०००।– नक्कली नोट जस्तो देखिने नेपाली रुपैया र बस चालक ऐ ०८ बरकुल बस्ने बर्ष २६ को देउकीनन्दन कसौधनलाई नियन्त्रणमा लिई लागूऔषध नियन्त्रण ऐन, २०३३ र मुलुकी अपराध (संहिता) ऐन,२०७४ को परिच्छेद २२ मुद्रा सम्बन्धी कसुरमा मुद्धा दर्ता गरी आवश्यक अनुसन्धान भईरहेको छ ।

## हँसीया प्रहार गरी कर्तब्य गर्ने व्यक्ती पक्राउ

मिति २०७६।०४।१४ गते राती अन्दाजी २३:३० बजेको समयमा गुल्मी जिल्लाको मुसिकोट नगरपालिका वडा नं. ३ नौघाते बस्ने बर्ष ४५ को लछुमण कुमाल र ऐ.ऐ. बस्ने बर्ष ४९ को मोतिलाल कुमाल बिच खेतमा पानी लगाउने बिषयलाई लिई झै-झगदा हुंदा लछुमण कुमालले निज मोतिलाल कुमाल लाई हसियाले घाटीमा हानी घाईते बनाएको छ भन्ने खवर प्राप्त हुनासाथ प्र.चौ. वामीबाट प्र.ना.नि. प्रमेश्वर चौधरीको कमाण्डमा प्रहरी टोली खटी गई बुझ्दा मोतिलाल कुमालको मृत्यु भईसकेकोले कुटपिट गर्ने लछुमण कुमाललाई पक्राउ गरी थप अनुसन्धान पश्चात सम्मानित गुल्मी जिल्ला अदालत पेश

भई मिति २०७६।०५।०२ गतेको आदेशले पुर्पक्षको लागी कारागार चलान भएको छ।

## कटुवा पेस्तोल सहित १ जना पक्राउ

मिति २०७६।०४।१९ गते बिहान अन्दाजी ०२:०० बजेको समयमा दाङ जिल्लाको बङ्गलाचुली गाउँपालिका वडा नं. ०४ मुलटापामा ऐ.ऐ. बस्ने लक्ष्य बि.क को छोरा बर्ष ३० को शिब बहादुर बि.क.ले स्थानीय खुबी के.सी.को होटलमा बास बसेका टिपर चालकहरु घोराही उप-महानगरपालिका वडा नं. ०३ बस्ने बर्ष २६ को ईन्द्र बहादुर नेपाली, बर्ष ३५ को पदम के.सि., सुरेस नेपाली लगायत ६।७ जना ब्यक्तीहरु माथी एक्कासी मार्छु भनि कटुवा पेस्तोल ताकी हान्न खोज्दा सुरेस नेपालीले पछाडीबाट निज शिब बहादुर बि.क. लाई पेस्तोल सहित समाती प्रहरीलाई खबर गरेकोले उक्त स्थानमा ई.प्र.का. कमिरेचौरबाट प्र.ना.नि. गोपाल प्रसाद शर्माको कमाण्डमा प्रहरी टोली खटी गई निजलाई पेस्तोल सहित नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको छ।

## सटर फोडी मोवाईल पसल चोरी गर्ने ५ जना पक्राउ

मिति २०७६।०४।०८ गते वेलुका अन्दाजी २०:०० वजेको समयमा जिल्ला कपिलवस्तु मायादेवी गाउँपालिका वडा नं. १ अन्तर्गत बर्रोहिया टोलमा रहेको अल्ताफ मोवाईल पसलको सटर बन्द गरी घरमा गएकोमा मिति २०७६।०४।०९ गते विहान ०६:०० वजे उक्त पसलको सटरको ताला काटिएको भन्ने खबर पाई घटनास्थमा गई हेर्दा २ वटा ताला काटिएको सटर १ फुटजती माथी उठेको अवस्थामा देखेपछी छर-छिमेकका मानिसहरुलाई बोलाई सटर उघारी भित्र पसी हेर्दा बिभिन्न किसिमका मोवाईल, रिचार्ज कार्ड र मेमोरी कार्ड गरी अन्दाजी रु. १२,०००००।– (बाह्र लाख) बरावरको जिन्सी सामान चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालयबाट प्र.ना.नि. लिला बि.क.को कमाण्डमा प्रहरी टोली खटिगई अनुसन्धान गर्दै जाँदा जिल्ला कपिलवस्तु मायादेवी गाउँपालिका वडा नम. १ पकडी वस्ने शिव शंकर चौधरी समेत ५ जनाले चोरी गरेको भन्ने बुझिएकोले निजहरुलाई पक्राउ गरी अनुसन्धान पश्चात मिति २०७६।०५।०४ गतेको सम्मानित कपिलवस्तु जिल्ला अदालतको आदेशले प्रतिवादी प्रताप सिंह चौधरी परिबर्तित नाम ५१ "अ" साधारण तारेखमा छुटेको र अन्य प्रतिवादीहरु शिव शंकर प्रसाद कुर्मी,सन्दिप यादव,दिपक प्रसाद कुर्मी,अमित कुर्मी जनही ७,७७,०००।–(सात लाख सतहत्तर हजार) धरौटी माग भएकोमा प्रतिवादी सन्दिप यादव धरौटी राख्न नसकी पुर्पक्षको लागी कारागार पठाईएको र अन्य प्रतिवादीले उल्लेखित धरौटी रकम राखी तारेखमा छुटका र प्रतिवादी मजमलिम अन्सारी वारदात पश्चात फरार रहेको खोजतलास कार्य भईरहेको।

## ५ किलो ४९५ ग्राम अवैध चाँदीका गरगहना सहित १ जना पक्राउ

मिति २०७६।०४।१३ गते केही मानिसले भन्सार चोरी पैठारीको चाँदी ल्याउदै गरेको भन्ने बिषेश सूचनाको आधारमा जि.प्र.का. बाँकेबाट खटिएको प्रहरी टोलिले दिउसो अन्दाजी १२:४५ बजेको समयमा जिल्ला बाँके नेपालगंज उप-महानगरपालिका वडा नं. ०८ सदरलाईन स्थित शंकास्पद रहेका जिल्ला बर्दिया गुलरिया नगरपालिका वडा नं. ०६ बस्ने वर्ष ३१ को सुवास गुप्तालाई चेकजाँच गर्दा निजले बोकेको झोलामा रहेको चाँदीको जस्तो धातुका गरगहना ५ किलो ४९५ ग्राम फेला पारेकोमा उक्त धानु परिक्षणको लागी सुनचाँदी व्यवसायी संघ नेपालगंजमा पठाईएकोमा उक्त धातुमा २ किलो ७१७ ग्राम ५०० मिलिग्राम शुद्ध चाँदी र सोको मुल्य रु. १,७१,२४१ (एक लाख एकहत्तर हजार दुई सय एक चालिस) हुन जाने भनि खुलाएको हुँदा बरामद भएका चाँदीका गरगहना सहित पक्राउ परेका सुवास गुप्तालाई आवश्यक कारवाहीको लागी नेपालगंज भन्सार कार्यालय बाँकेमा पठाईएको छ।

## राष्ट्रिय जनावर गाई मार्ने चार जना पक्राउ

मिति २०७६।०४।०१ गते बेलुका अन्दाजी १९:५० बजेको समयमा रुपन्देही जिल्लाको शुद्धोधन गाउँपालिका वडा नं. ०३ शुखावानिमा छाडा रुपमा रहेका ४ बटा गाईहरुले बालि नष्ट गरको भनि स्थानियबासीले गाई धपाउन भनि रू ५० का दरले रकम संकलन गरि निम्न ४ जना ब्यतिलाई जिम्मा लगाएकोमा निज हरुले ४ बटा गाईलाई नियन्त्रणमा लिई सुखावानिमा बाटो छेउको खेल मैदानमा मारेको भन्ने जानकारी पाउना साथ ई.प्र.का. छपियाबाट प्र.नि. शैलेश्वरी बोहराको कमाण्डमा प्रहरी टोलि खटि गई जिल्ला रुपन्देही सियारी गाउँपालिका वडा नं. ०७ बस्ने बर्ष ४८ को होमनाथ अर्याल, बर्ष ३१ को दान बहादुर बोटे, शुद्धोधन गाउँपालिका वडा नं. ०३ बस्ने बर्ष ४० को होम बहादुर क्षेत्री र गुलरीया गाउँपालिका वडा नं. ०८ बस्ने बर्ष २६ को राजु लोधलाई नियन्त्रणमा लिई अनुसन्धान पश्चात सम्मानित अदालत पेश हुँदा मिति २०७६।०४।२४ गते सम्मानित रुपन्देही जिल्ला अदालतको आदेशले ४(चार) जनालाई नै ४/४ हजार धरौटी माग भएकोमा प्रतिवादी राजु लोधले सोही दिन उक्त धरौटी राखि छुटेको अन्य ३ जना धरौटी राख्न नसकी कारागार चलान भएको।

## कर्तव्य गरी झुण्ड्याई मार्ने महिला पक्राउ


मिति २०७६।०४।०३ गते राती अन्दाजी २४:०० बजेको समयमा जिल्ला दाङ तुलसीपुर उप-महानगरपालिका वडा नं. ०६ स्थित मानसरोबर होटलमा मिति २०७६।०३।३१ गते देखी १०२ नं.को कोठामा बस्दै आएका जिल्ला बाँके कोहलपुर दश बिगाह बस्ने वर्ष ३०/३५ को रमेश हमालले ट्वाईलेटको भ्यान्डिलेशनमा पलाष्टिकको डोरीले पासो लगाई झुण्डी आत्महत्या गरेको छ भन्ने खबर प्राप्त हुनासाथ ई.प्र.का. तुलसीपुरबाट प्र.नि.भिम बहादुर कार्कीको कमाण्डमा प्रहरी टोलि खटि गई अनुसन्धान गर्ने क्रममा निजको साथमा २ वर्ष पहिला बिबाह गरेको कान्छी श्रीमति बताउने जिल्ला पुर्वी रुकुम सिस्ने गाउँपालिका वडा नं. ०५ टाकुरा बस्ने वर्ष २० की बिमला बि.क.ले बचाउन खोज्छु भनी पलाष्टिकको डोरी सलाईले पोलि चुडिएको अवस्थामा रहेकोले निजलाई समेत पक्राउ गरी थप अनुसन्धान भईरहेकोमा जिल्ला सरकारी वकील कार्यालय दाङमा पेश हुँदा मिति २०७६।०४।२८ गते मृतक रमेश हमालको मृत्युको कारण नै खुल्न नसकेको र पक्राउ प्रतिवादीलाई हिरासतमा राख्न पाउने म्याद समाप्त भएकोले पक्राउ प्रतिवादीलाई माथवर ब्यक्तिको जमानी लिई छाड्ने उक्त मुद्दामा थप अनुसन्धान गर्न मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा ३१(४) बमोजिम निर्देशन भएको ।

## बर्दिया र दाङमा ३ नाल भरुवा बन्दुक बरामद


मिति २०७६।०४।१४ गते बिहान अन्दाजी ०६:३० बजेको समयमा जिल्ला बर्दिया बढैयाताल गाउँपालिका वडा नं. १ सानो डाँफे र शान्तीपुर जंगलमा दुई जना ब्यात्कीहरु २ थान भरुवा बन्दुक बोकी हिडिरहेको अवस्थामा प्रहरी चौकी जमुनी बर्दियाबाट प्र.ना.नि.कलाधर सापकोटाको कमाण्डमा खटिएको प्रहरी गस्ती टोलीले देखि पिछा गर्ने क्रममा उक्त २ थान भरुवा बन्दुक सोही ठाँउमा छाडी बाँके र बर्दियाको सिमाना मान खोला तरी भागेकोले जि.प्र.का. बाँकेलाई जानकारी गराई निजहरुको खोजतलास भईरहेको छ भने उक्त २ थान भरुवा बन्दुक सम्बन्धमा जि.प्र.का. बर्दियाबाट आवश्यक अनुसन्धान भईरहेको छ।

त्यसैगरी मिति २०७६।०४।२३ गते राती अन्दाजी २२:३० बजेको समयमा प्रहरी चौकी चिराघाट दाङबाट प्र.स.नि. भरत नाथ योगीको कमाण्डमा खटिएको गस्ती टोलीले जिल्ला दाङ शान्तीनगर गाउँपालिका वडा नं. ०४ बेलाटारी खोलाको छेउमा लोड भएको बेवारीसे अवस्थामा भरुवा बन्दुक फेला पारी रितपुर्वक बरामद गरी उक्त भरुवा बन्दुक ईलाका प्रहरी कार्यालयमा तुलसीपुरमा ल्याई आवश्यक अनुसन्धान भईरहेको छ।

## महिला तथा वालवालिकाको खोजतला:



# जनचेतनामूक सन्देश



## बालविवाह गर्न नहुने

कानुनले तोकेको उमेर नपुगी विवाह गर्नु गराउनुलाई बालविवाह भनिन्छ । २० वर्ष उमेर पुरा नगरी विवाह गर्नु गराउनु हुँदैन, कसैले बालविवाह गरे गराएमा स्वत: बदर हुन्छ । २० वर्ष उमेर नपुगी विवाह गर्ने गराउनेलाई ३ वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिवाना हुन्छ ।

## बलात्कार हुनबाट जोगिने सामान्य उपायहरू

- एकान्त ठाउँमा एक्लै हिंडडुल नगर्ने ।
- नचिनेको मानिसलाई एक्लै भेट्न नजाने ।
- बलात्कार हुने सम्भावना लागेमा प्रतिकारको लागि प्रयोग हुने स-साना हतियार (Swiss Knife), Pepper Spray, खुर्सानीको धुलो तथा स्थानीय श्रोत, माटो ढुङ्गा, लाठी प्रयोग गर्ने (सकेसम्म आँखामा प्रहार गर्ने ) ।
- बलात्कार गर्न खोज्ने व्यक्तिको संवेदनशील अङ्गमा प्रहार गर्ने ।
- हारगुहार माग्ने र ठूलो स्वरमा चिच्याउने ।
- जुडोको सामान्य प्रतिकारका लकहरू प्रयोग गर्ने ।
- सुरक्षित स्थानमा पुग्ने कोशिस गर्ने ।
- Mobile को Speed Dial मा प्रहरी र अभिभावकको नम्बर Save गर्ने ।



## साइबर क्राइम (विद्युतिय अपराध)

विद्युतीय उपकरणहरू कम्प्युटर, मोबाइल, तथा यसको नेटवर्कका माध्यमबाट हुने कुनै पनि प्रकारका आपराधिक कार्यलाई आम रूपमा विद्युतिय अपराध भनिन्छ । एक लाख जरिवाना तथा ५ वर्ष कैद वा दुवै सजाय हुन्छ । यस्तो कार्य कसैले गरेमा तुरून्त नजिकको प्रहरी कार्यालयमा खबर गर्नुहोस् । सामाजिक सञ्जालको दुरूपयोगबाट महिला तथा किशोरीहरू बढी पीडित भएको परिप्रेक्षमा facebook तथा यस्तै अन्य सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले निम्न कुराहरू सधैं ख्याल गर्नुहोस् ।

- नचिनेको मानिसको Friend Request लाई Accept नगर्ने ।
- फेसबुक पासवर्ड राख्दा अरूले अनुमान गर्न नसक्ने खालको अङ्क र अक्षर मिसिएको पासवर्ड राख्ने ।
- आफ्नो पासवर्ड अरूलाई नदिने ।
- फेसबुक चलाइसकेपछि Logout गर्न नबिर्सनुहोस् ।
- आफ्ना व्यक्तिगत गतिविधिहरू फेसबुकको माध्यमबाट update नगर्ने ।
- आफ्ना छोराछोरीको facebook Friend बन्नुहोस् जसले गर्दा छोराछोरीहरूको क्रियाकलापहरूको जानकारी होस् ।

## सवारी नियमहरू

१. सडक पेटी नभएमा दाहिने किनाराबाट हिँड्नुपर्छ ।
२. कम गति भएका सवारी साधन (जस्तैः साइकल, गाडा, बयलगाडा आदि) बाँयाबाट चलाऊँ ।
३. कहीँ कतै सवारी दुर्घटना देखे प्रहरी हटलाइन (१००/१०३) मा सम्पर्क गरौ वा "हाम्रो पुलिस" मोबाइल एप्समा पठाऊँ ।
४. बृद्ध, अपाङ्ग, असहाय, बालबालिकालाई दुईतर्फी आउने गाडी रोकी बाटो काट्न मद्धत गरौं ।
५. नजिकको प्रहरी वा ठूला व्यक्तिहरूसँग बाटो काट्न सहयोग लिऊँ ।
६. सधैं जेब्राक्रसिङ्ग, सब-वे, ओभरहेड पुलबाट मात्र बाटो क्रस गरौं ।
७. हरियो बत्ती बलेपछि मात्र बाटो क्रस गरौं ।
८. रातको समयमा चम्किलो लुगा लगाएर मात्र हिँडौं ।
९. फुटपाथ भएको सडकमा सधै फुटपाथबाट मात्र हिँड्ने बानी बसालौं फुटपाथ नभएको ठाउँमा सडकको दाहिने किनारा लागि हिँडौं ।
१०. ट्राफिक नियम पालना गरौं ।

